याङवरक गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
थर्पु, पाँचथर
कोशी प्रदेश,नेपाल

पत्र संख्याः२०८१/०८२ मितिः२०८१/०४/०४

सूचना नं. : ०२

**विषयः- सूची दर्ता तथा अद्यावधिक गर्ने सम्बन्धी सूचना।**

यस गाउँ कार्यपालिकाको कार्यालयको लागि आ.व. २०८१/०८२ मा आवश्यकता भएको बखत मालसामान वा सेवा खरिद गर्नुपर्ने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ 'क' तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम १८ बमोजिम निरन्तर सूचीकृत हुन सक्ने व्यवस्था भएकाले तपशिल बमोजिमका मालसामान आपूर्ति तथा मर्मत, परामर्श तथा अन्य सेवा उपलब्ध गराउन इच्छुक इजाजत प्राप्त व्यक्ति, संस्था,फर्म, कम्पनी,आपूर्तिकर्ता, निर्माण व्यवसायी, परामर्शदाता, गैरसरकारी संस्थाले तोकिएको ढाँचा (सार्वजनिक खरिद नियमावली, २०६४ को अनुसूची २ 'क') मा यस गाउँपालिकाको कार्यालयमा कार्यालय समयभित्र आवेदन दर्ता गराउनु हुन तथा यस भन्दा अगाडी सुचीकृत सप्लायर्सहरुले मौजुदा सूचीमा अद्यावधिक गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। प्राप्त निवेदन उपर छानविन गरी सूचीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहनेछ। एक भन्दा बढी शीर्षकमा सूची दर्ता गर्नु परेमा छुट्टाछुट्टै निवेदन पेश गर्नु पर्नेछ। साथै, रित नपुगी प्राप्त हुने निवेदन उपर कुनै कारवाही हुने छैन।

**तपसिल :**

**खरिद /आपूर्ति तथा मर्मत सम्बन्धिः-**

१.स्टेशनरी, मसलन्द, पत्रपत्रिका र कार्यालय सम्बन्धि अन्य सामान आपूर्ति सम्बन्धी,
२. छपाइ सम्बन्धी कार्य,
३. मेशिनरी औजार (कम्प्युटर, ल्यापटप, प्रिन्टर, फोटोकपी, फ्याक्स, स्क्यानर, मोबाइल, मोडेम एवम् अन्य इलेक्ट्रोनिक्स तथा इलेक्ट्रिकल सामान) आपूर्ति तथा सो को मर्मत,
४. फर्निचर तथा फर्निसिङ सामानको आपूर्ति तथा मर्मत सम्बन्धी,
५. सवारी साधन (दुई पाङ्ग्रे, चार पाङ्ग्रे) आपूर्ती, पार्टपूर्जा तथा मर्मत सम्बन्धी,
६. सार्वजनिक निर्माण तथा मर्मत (धारा, बिजुली, शौचालय समेत) एवम् रंगरोगन सम्बन्धी,
७. सोलार जडान आपूर्ती तथा सो को मर्मत सम्बन्धी,
८. कृषिजन्य बोटबिरुवा, जडिबुटी, बिषादी, मल, औषधि सम्वन्धी, पशुजन्य जनावर, पंक्षी, औषधि सम्वन्धी,
९. स्थानीय सञ्चार माध्यममार्फत सूचना तथा सन्देश प्रसारण सम्बन्धी,
१०. इन्टरनेट सेवा, वेवसाइट तथा नेटवर्किङ सम्बन्धी सेवा आपूर्ती।

**परामर्श तथा अन्य सेवा तर्फः**

१. कम्प्युटर/सूचना प्रविधि सम्बन्धी तालिम, सफ्टवेयर निर्माण/ईमेल/ईन्टरनेट/ एस.एम.एस.आपूर्ती सम्बन्धी सेवा,
२.DPR Master Plan (भवन, सडक लगायत अन्य), तालिम, सीप विकास तथा गोष्ठी, सेमिनार सञ्चालन गर्ने,
३. विज्ञहरुको परामर्श सेवा (प्रोफाइल, गुरुयोजना सम्वन्धी)।

**आवश्यक कागजातहरु :**

१. नविकरण सहितको संस्था वा फर्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
२. स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि कर दर्ताको प्रमाणपत्रको प्रतिलिपि,
३. आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
४. आवश्यकता अनुसारको व्यावसायिक इजाजत पत्र ।

..................
मदन के.सी.
नि.प्रमुख प्रशासकीय अधिकृत